आज मिति २०७९।९।१८ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| सि नं. | नाम | पद | कार्यपालिका सदस्य पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकरी | अध्यक्ष | अध्यक्ष | | |
| २ | श्री याम कुमारी राना | उपाध्यक्ष | सदस्य | | |
| ३ | श्री मिन प्रसाद न्यौपाने | १ नं. वडा अध्यक्ष | सदस्य | | |
| ४ | श्री नरभूपाल काफ्ले | २ नं. वडा अध्यक्ष | सदस्य | | |
| ५ | श्री हिमलाल भट्टराई | ३ नं. वडा का.बा. अध्यक्ष | सदस्य | | |
| ६ | श्री टुकलाल न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | | |
| ७ | श्री नारायण भुर्तेल | ५ नं. वडा अध्यक्ष | सदस्य | | |
| ८ | श्री गंगाधर अधिकारी | ६ नं. वडा अध्यक्ष | सदस्य | | |
| ९ | श्री तोयनाथ शर्मा | ७ नं. वडा अध्यक्ष | सदस्य | | |
| १० | श्री मिठु क्षेत्री | ३ नं. वडा महिला सदस्य | सदस्य | | |
| ११ | श्री चन्द्रकला न्यौपाने | ६ नं. वडा महिला सदस्य | सदस्य | | |
| १२ | श्री सर्मिला नेपाली | ४ नं.बडा दलित महिला सदस्य | सदस्य | | |
| १३ | श्री उमादेवी बि.क. | ५ नं. वडा दलित महिला सदस्य | सदस्य | | |
| १४ | श्री फुलमाया सुनार | दलित सदस्य | सदस्य | | |
| १५ | श्री बविता हिताङ | दलित सदस्य | सदस्य | | |
| १६ | श्री केशव लामिछाने | प्र.प्र.अ. | सचिव | | |
| १७ | श्री सरोज पराजुली | लेखा अधिकृत | अन्य उपस्थिति | | |
| १८ | श्री रविन्द्र गौतम | सू.प.अ. | अन्य उपस्थिति | | |

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत

## निर्णयहरु

१. गाउँकार्यपालिकाका पूर्व बैठकहरुको निर्णय र कार्यन्वयनको अवस्थाको समीक्षा गरियो । सो सन्बन्धमा कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

२. साविक हुवास स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी निर्माण हुन लागेको १० सैंया अस्पतालको निर्माण स्थल क्षेत्रको थप भौगर्विक अवस्था अध्ययन निरिक्षण गरी दीर्घकालिन रुपमा नै जोखिममुक्त बनाउन आवश्यक देखिएकोले सोको लागि जियोलोजिष्ट तथा जियोटेक ईन्जिनियरको सेवा परामर्श लिने ।

३. गाउँपालिकाको "एघारौं गाउँसभा" फाल्गुण पहिलो हप्ता वस्ने ।

४. आर्थिक वर्ष २०७९।८० को लागि बार्षिक स्वीकृत कार्यक्रम र सो सम्वन्धमा गाउँ कार्यपालिकाबाट स्वीकृत सुरक्षित नागरिक आवास (पैयूँ) कार्यक्रम संचालन कार्यविधि, २०७९ अनुसार सम्वन्धित वडा समितिको निर्णयानुसार वडा कार्यालयबाट सिफारिस भइआएका तपसिल बमोजिम लाभग्राही छनौट गरियो

### तपसिल

#### सुरक्षित नागरिक आवास तर्फ

१. बिर बहादुर राना वडा नं. १ टकलाक
२. नरवहादुर राना वडा नं. ५ धरादी
३. भुपराज थापा बडा नं. ५ कार्तिके
४. टिबि लाल वि.क. पैयूँ ५ भुर्तेल थोक

#### सौचालय निर्माण तर्फ

१. जय बहादुर सुनार वडा नं. १
२. भिमकुमारी नेपाली वडा नं. १
३. राम बहादुर गुरुङ्ग वडा नं. १
४. बेनु कुमारी गुरुङ्ग वडा नं. १
५. लाल बहादुर नेपाली वडा नं. १
६. गोविन्द बहादुर सार्की वडा नं. १
७. रत्नाखर काफ्ले पैयूँ ५ भुर्तेल थोक
८. भोज कुमारी थापा क्षेत्री पैयूँ ५ भुर्तेल भुर्तेल थोक
९. सिव लाल भुर्तेल पैयूँ ५ भुर्तेलथोक
१०. चुडामणी भुर्तेल पैयूँ ५ भुर्तेलथोक
११. छविलाल राना पैयूँ ५ भुर्तेलथोक भञ्याङ्ग
१२. कमलादेवी थापा पैयूँ ५ धरादी
१३. निलकण्ठ न्यौपाने पैयूँ ५ उपल्लाथोक

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

१४.बिण्णु न्यौपाने पैंयूँ ५ उपल्लाथोक

१५.हुमकला न्यौपाने तिवारी पैंयूँ ५ तिवारी थोक

१६.रमादेवी तिवारी पैंयूँ ५ तिवारीथोक

खानेपानी धारा निर्माण तर्फ

१. दीपक बहादुर नेपाली वडा नं. १

५. वडा स्तरमा घुम्ति सेवा मार्फत अपाँगता भएका ब्यक्तिहरुलाई परिचय पत्र वितरण गर्न शिविर सञ्चालन गर्ने ।

६. मृगौला प्रत्यारोपण गरेका डायलसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ को दफा (३) बमोजिम ४ नं. बडा कार्यालयबाट अनुसूचि (२) बमोजिम पेश हुन आएको पैंयूँ गाउँपालिका वडा नं. ४ निवासी श्री प्रेम बहादुर सार्कीलाई लाभग्राही कायम गरियो ।

७. पैंयूँ गाउँपालिका कृषि तथा पशुपन्छी विकास सम्वन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०७९ स्वीकृत गर्ने ।

८. तपसिल बमोजिमका अपाँगता भएका ब्यक्तिहरुलाई अपाँगता सहायता सामाग्री- ह्वेल चियर उपलब्ध गराउने ।

तपसिल

१. श्री हेम थापा वडा नं.- २

२. श्री नरबहादुर सार्की वडा नं. ४

३. श्री गिरिजा रेग्मी वडा नं. ५

४. श्री ताल प्रसाद भण्डारी वडा नं. ६

९. तपसिल बमोजिम ब्यक्तिहरुलाई स्वास्थ्य/औषधी उपचार सहायता उपलब्ध गराउने ।

तपसिल

१. श्री भोजराज भण्डारी वडा नं. ६ रु. २० हजार

२. श्री बन्दना मल्ल वडा नं. ७ रु. २० हजार

३. श्री अर्जुन हिताङ्ग वडा नं. ४ रु. ३० हजार

१०.इलाका प्रहरी कार्यालय हुवास पर्वतले खरिद गरेको विपद्/राहत उद्दार सामग्रीको बिल भरपाई अनुसारको रकम रु. ३८,५,९० बन तथा विपद् खर्च शीर्षकबाट ब्यहोर्ने गरी भुक्तानी दिने ।

पैंयूँ गाउँपालिका

११. पैयूँ गाउँपालिका वडा नं. ५ निवासी भिमा शर्माको घर उच्च जोखिममा रहेकोले जोखिम न्यूनिकरण तथा संरक्षणका लागि आवश्यक ब्यवस्था मिलाईदिन भू तथा जलाधार ब्यवस्थापन कार्यालय पर्वतलाई अनुरोध गर्ने ।

१२. वडा नं. ७ ईकाङ्गमा बर्थिङ्ग सेन्टर निर्माणका लागि "पैयूँ गाउँपालिकाको साझीदारी कार्यकम सञ्चालन तथा सञ्चालन ब्यवस्थापन कार्यविधि २०७८ अनुसार" ५० प्रतिशत भवन निर्माण साझेदारी गर्न इच्छुक गैर सरकारी संघ संस्था/ सहकारी/कम्पन्नी/ निजि क्षेत्रका लागि ७ दिने प्रस्तावना आह्वान सम्वन्धी सूचना जारी गर्ने ।

१३. सम्वन्धित वडा कार्यालयको सिफारिस संलग्न भई गाउँपालिका अध्यक्षज्यूको तोकादेशबाट उपलब्ध गराईने विपन्न नागरिकहरुको स्वास्थ्य उपचार सहायता/यातायात खर्च स्वरुपको रकम तपसिल बमोजिमको मापदण्ड अनुसारमात्र उपलब्ध गराउने र सोही अनुसार सम्वन्धित वडा कार्यालयबाट सिफारिस गर्ने ।

<u>तपसिल</u>

क. आर्थिक अवस्था कमजोर तथा विपन्नता भएका पैयूँ गाउँपालिकाका स्थायी वासी मुटु, मृगौला, क्यान्सर र पक्षघात (प्यारालाइसिस) का विरामीहरु पालिका बाहिरको स्वास्थ्य संस्थामा गई गरी स्वास्थ्य उपचार / चेकजाँच गराएकाको हकमा रु. १० (दश हजार) ।

ख. आर्थिक अवस्था कमजोर तथा विपन्नता भएका पैयूँ गाउँपालिकाका स्थायी बासी खण्ड 'क' बाहेकका विरामीहरु पालिका बाहिरको स्वास्थ्य संस्थामा गई स्वास्थ्य उपचार/चेकजाँच गराएकाको हकमा रु. ५ (पाँच) हजार ।

ग. सम्वन्धित वडा कार्यालयले सिफारिस गर्दा बिरामीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक अवस्था कमजोर/विपन्न प्रमाणित कागजात संलग्न राखी पठाउनु पर्ने।

१४.गाउँपालिका क्षेत्रभित्र बादरले बालीनाली क्षति गरेकोले बादरबाट हुने बालिनाली क्षति न्यूनिकरण गर्न खेतवारीमा रहेका, बालिनालीको उत्पादकत्वमा प्रतिकुल असर पार्ने र रुखका कारण घर/गोठ जोखिममा परेका घर तथा गोठदेखि ८० (असी) मिटर सम्मका ठुला प्रकृतिका कानून बमोजिम कटान गर्न मिल्ने निजि/ब्यक्तिको स्वमित्वमा रहेका रुख/बोटविरुवा औचित्य र आवश्यकता हेरी कटान गर्ने।

१५. सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशबाट आर्थिक वर्ष २०७९/८० मा **"मगर सामुदायिक भवन निर्माण पैयूँ-६"** शीर्षकमा बजेट बिनियोजित भएको र सोको निर्माणको लागि जग्गा अभाव भएकोले जग्गाको स्वामित्व र संञ्चालन तथा ब्यवस्थापन स्वास्थ्य चौकीको नै रहने गरि वडा नं. ६ स्थित सरौखोला स्वास्थ्य चौकीको स्वामित्वमा रहेको छेउपट्टीको खाली जग्गामा निर्माण गर्न सहमति दिने।

१६. तानसेन नगरपालिका पाल्पाले गैर सरकारी संस्था/निजि संघ/संस्थासंग साझेदारीमा सञ्चालन गरेका कार्यक्रमको अध्ययन तथा अवलोकन गर्न मिति २०७९।०९।२४ गतेका दिन जाने।

पैयूँ गाउँपालिका

१७. चालु आर्थिक वर्षमा संघीय शशर्त अनुदान अन्तर्गत ५ नं. वडामा कार्यान्वयनमा रहेको "चिसापानी देउराली छहरे सडक" को खरिद संझौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको अवस्थाको सार्वजनिक खरिद ऐन बमोजिम ५ प्रतिशत सम्म भेरिएसन आदेश दिने ।

१८. मिति २०७९।२।२९ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार गठन भएका तपसिल बमोजिमका विषयगत समितिको बैठक समन्वय/सहजिरणका लागि तपसिल बमोजिम कर्मचारी तोक्ने ।

तपसिल

१.सार्वजनिक तथा क्षमता विकास समिति- श्री विकास सुवेदी

२. सामाजिक विकास समिति- श्री कल्पना शर्मा

३. पूर्वाधार विकास समिति- श्री सुवास भट्टराई

४. आर्थिक विकास समिति- श्री शालिक रिजाल

५. वातावरण तथा विपद् ब्यवस्थापन समिति- श्री सुवास पौडेल

६. विधेयक समिति- श्री राम बहादर बलामी

७. कृषि तथा सहकारी समिति- श्री शारदा शर्मा

१९.न्यायिक समिति अन्तर्गत वडा स्तरमा मेलमिलाप सम्वन्धी कार्य गर्न मेलमिलाप कर्ता नियुक्ति गरि न्यायिक कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल